हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०१ अंक : ७० पृष्ठ : ४ २०७७ असोज ७ गते बुधबार (Wednesday 23 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# बेबारिसे बन्यो चिस्यान केन्द्र, मारमा किसान







**१२**वर्षअघि १८ लाख रूपैयाँ खर्चेर स्थापना गरेको सिरहाको उत्तरवर्ती क्षेत्र धनगढीमाई १२ स्थित दुध चिस्यान केन्द्र दातृ संस्था र सरकारी बेबास्ताका कारण बेबारिसे बनेको छ । बगरटोल क्षेत्रका भैसी पालक किसानलाई लक्षित गरि १२ वर्षअघि दुध चिस्यान केन्द्र खोलिएको थियो । लामो समयदेखि केन्द्र बन्द हुँदा मेसनरी सामानमा खिया लाग्न थालेको छ ।

गरिबी निवारण कोषको १८ लाख रूपैया आर्थिक सहयोगमा लहानस्थित गैरसरकारी संस्था कृषि तथा वन प्रविधि केन्द्र ( काफ्ट) ले कृषकहरूलाई समूहमा आबद्ध गरि २०६५ मंसिरमा सगरमाथा दुध चिस्यान केन्द्र सञ्चालनमा ल्याएको थियो ।

एक हजार लिटर क्षमताको चिस्यान केन्द्रमा त्यस वरपरका १ सय १० भैसी पालक कृषकले दुध संकलन गर्दै आएका थिए । केन्द्रका अध्यक्ष झोकिलाल शास्त्रीको नेतृत्व चिस्यान केन्द्र स्थापना गरिएको थियो । चिस्यान केन्द्र खोलिएपछि व्यवसायिक भैसी पालनमा हौसिएका विष्णुपुरकट्टी, बगरटोल वरपरका कृषकहरूले दैनिक पाँच सय लिटर दुध केन्द्रमा संकलन गर्दै आएका थिए । जसबाट उत्तरीभेगका कृषकले राम्रो आम्दानी लिन सफल भएका थिए ।

केन्द्र सञ्चालनका लागि कोषले काफटको परिचालनमा लालीगुराँस, सूर्योदय, हिमालय, जनजागृति कृषक समूह बनाई त्यतिखेर व्यवसायिक भैसी पालनका लागि ऋण समेत प्रबाह गरेको थियो । त्यतिखेर ती समूहमा आबद्ध ९९ कृषक व्यवसायिक भैसी पालनमा लागेका थिए । त्यो बेला कृषकबाट प्रति लिटर ३२ रूपैयामा दुध खरिद गरि केन्द्रले सिरहाका धनगढी, जिरोमाइल लगायत विभिन्न बजारमा ३६ रूपैया प्रतिलिटरमा बिक्री गर्थ्यो । कृषकहरूको आम्दानीमा बढोतरी भएको थियो । केन्द्रलाई पनि राम्रो आम्दानी भइरहेको थियो । डेरी उद्योग आफै चिस्यान केन्द्रसम्म दुध लिन आउथ्यो ।

स्थानीयका अनुसार बिक्री आम्दानीबाट केन्द्रले लेखापाल सहित दुई कर्मचारी मासिक १० हजार रूपैयाँ तलबीमा राखेको थियो । प्राविधीक कर्मचारीको तलबपनि समयमा लेखापालले भुक्तानी नदिदा दुध बिग्रन थालेको र कर्मचारीकै लापरवाहीका कारण दुध बिग्रेपछि केन्द्रले थप ७० हजार रूपैयाँ घाटा बेहोर्नु परेको र बिजुली बिल रकम समेत तीर्न नसकेपछि केन्द्र धराशयी बनेको थियो । त्यतिखेर सहयोगी संस्था कृषि तथा वन प्रविधि केन्द्रले भर्ना गरेको कर्मचारीका कारण चिस्यान केन्द्र बन्द हुँदा डेढ सय भन्दा बढी कृषक मार खेप्न बाध्य भए । चिस्यान केन्द्र बन्द भएकै कारण दैनिक ८ किलोमिटर पर जिरोमाइलमा बजारस्थित भवानी र शिव डेरी उधोगमा दुध पुऱ्याउन बाध्य भएको कृषक श्याम शास्त्री बताउँछन् ।

दैनिक आठ किलोमिटर पर दुध लैजानु पर्दा बाटैमा बिग्रने समस्या झेल्नुपरेपछि धेरैजसो कृषकले भैसी पालन व्यवसाय छाडिसकेका छन् । कृषकहरूले पटक पटक चिस्यान केन्द्र सञ्चालन गराउन संस्थासँग माग गरेपनि केही सुनुवाइ नहुँदा केन्द्र नै बेबारिसे बन्यो ।

गरिवी निवारण कोषबाट समुहमा लिएको ऋण समेत चुक्ता गर्न नसकि भैसी पालन व्यवसाय छाडी कृषि पेशा अंगाल्न वाध्य भएका छन् । डेढ वर्ष सञ्चालनमा आएर बन्द भएपछि चिस्यान केन्द्र बेवारिसे हुँदा १८ लाखको मेसिनमा खिया लागेर कामै नलाग्ने भइसकेको छ ।

गरिबीको कुचक्रबाट दिगो रूपमा माथि उठाउन सहयोग गर्ने लक्ष्य लिएर कोषले प्रवाह गरेको रकम सहयोगी संस्थाको बेबास्ताका कारण गरिबी घटाउनुको साटो झन ऋणी बनाएर गरिब बनाएको बगरटोलका कृषकहरूले आक्रोश पोखे । कृषि तथा वन प्रविधि केन्द्रले समुदायलाई चिस्यान केन्द्र हस्तान्तरण गरिसकेपछि उनीहरूले नै सञ्चालन गर्नुपर्ने भएकाले यसबारे केही गर्न नसक्ने बताएर पन्छिएको थियो । त्यसो त जिल्लामा गरिबी निवारण कोषको कार्यक्रम समेत बन्द भइसकेको छ ।

# सिरहामा ४० कोरोना संक्रमित थपिए

लहान । सिरहामा मंगलबार ४० जना कोरोना संक्रमित थपिएका छन् ।

प्रदेश २ को सामाजिक विकास मन्त्रालयका अनुसार सिरहाको बरियापट्टि गाउँपालिकामा २० देखि ३८ वर्ष उमेर समूहका १६ जनामा, कर्जन्हा नगरपालिकामा १५ जना, लहान नगरपालिकाको वडा नम्बर ७, १०, १५, २३, २४ का १९ देखि ४४ वर्ष उमेर समूहका ७ जना र अन्य दुई जना गरि ४० जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

**प्रदेश २ मा ४९ जनामा संक्रमण**

पछिल्लो २४ घण्टामा प्रदेश २ मा ४ महिलासहित ४९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । योसँगै संक्रमितको संख्या १३ हजार ७१ पुगेको छ ।

प्रदेश २ को सामाजिक विकास मन्त्रालयका अनुसार सबभन्दा बढी सिरहामा ४० जना कोरोना संक्रमित थपिएका छन् । यस्तै सप्तरी, पर्सा रौतहटमा १/१ जना संक्रमित थपिएका

—— बाँकी ३ पेजमा

**भित्री पृष्ठमा**

धर्म र समाजवाद
पेज २ मा

कस्तो आउनुपर्थ्यो स्थानीय तहको नीति तथा कार्यक्रम ?
स्तम्भ : पालिका बहस
पेज ४ मा

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था ।
हाम्रा संकायहरू :-
प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने
प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने
प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने
Affiliated to CTEVT
फारम वितरण गर्ने मिति
२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म
फारम भर्ने अन्तिम मिति
२०७७ असोज १९ गते सम्म
Online द्वारा फारम भर्ने
प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला
थप जानकारीको लागि
सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)
G-mail : rrsyadav143@gmail.com
प्रिन्सिपल
सम्पर्क नम्बर :-
०३३-५६२४६८ मो. ९८४२६५८८२४
९८१६७३७३३१, ९८१६३०१७९४,
९८०७८७६६१५

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा




फ्रेन्डस मोडल हसिपटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## अन्धविश्वासले गाँजेको समाज

विश्व एक्काइसौँ शताब्दीमा लम्किरहँदा नेपाली समाजलाई विभिन्न अन्धविश्वासले गाँजिरहेको छ । जतिसुकै सामाजिक अभियान गरिए पनि महिलामाथि बोक्सीको आरोपमा अमानवीय हिंसा गर्ने श्रृंखला जारी छ । विज्ञानको युग भनिने आधुनिक समाजमा बोक्सीको आरोपमा मध्ययुगीन बर्बरता प्रदर्शन हुनु मानव जातिको नाममा कलंक हो । बोक्सी भन्दै महिलालाई निर्घात कुट्ने, मानव मलमूत्र कोच्याउने, समाजबाट बहिष्कार गर्ने, गाउँ निकाला गर्ने, कपाल मुण्डन गर्ने, तताएको रातो फलामले डाम्ने, कालो मोसो दलेर गाउँ घुमाउने जस्ता अमानवीय व्यवहार अझै हुनु र बोक्सीको आरोप लगाएर कसैलाई पनि दुर्व्यवहार गर्नु मानव अधिकारको ठाडो उल्लंघन हो ।

नेपालको संविधानले महिला अधिकारबारे स्पष्ट व्यवस्था गरे पनि अन्धविश्वासका नाममा बोक्सीको आरोपमा प्रताडना खेप्नुपरेका थुप्रै महिला मारिनुपर्ने, आगोमा जल्नुपर्ने, मलमूत्र खानुपर्ने, कुटिनुपर्ने अवस्था विद्यमान छ । नेपालको कानुनले बोक्सा बोक्सीको आरोप लगाउने कार्यलाई अपराध मानेको छ । बोक्सी आरोपविरुद्धको ऐन पनि कार्यान्वयनमा छ । तर बोक्सीको आरोपमा निर्दोष महिला प्रताडित भई नै रहनु नेपाली समाजको बिडम्बना हो । बोक्सीको आरोपमा पीडा पाउनेमा एकल, गरिब र दलित महिलाहरू नै बढी छन् । अन्धविश्वास, गरिवी र पित्तृसत्तात्मक सोचका कारण नेपाली समाजमा बोक्सी प्रथा जस्तो कुरीतिजन्य हिंसा मौलाएको छ । कसैसँग रिसइबी भएमा, अंशवण्डामा कुरा नमिलेमा, दाइजो नपाएमा वा घर समाजमा मनमुटाव भएमा पनि बोक्सीको आरोप लाग्ने लगाउने गरिएको पाइन्छ । जुन लज्जास्पद हो ।

अहिले पनि नेपाली समाज, विशेष गरि गाउँ घरतिर, डाक्टर भन्दा धामी झाँक्रीलाई बढी विश्वास गर्ने गर्छ । आफन्त कोही बिरामी भए वा गाइवस्तु बिरामी भए भने धामी झाँक्रीलाई हेराउने र झारफुकबाट निको हुन्छ भन्ने विश्वास अहिले पनि ब्याप्त छ । यसको मूल कारण चेतना र गाउँस्तरमा डाक्टरहरूको कमी पनि हो । धामी भाँक्रीलाई मान्ने र उसले जसलाई 'त्यो बोक्सी हो' भनेर तोक्छ, बिरामीका आफन्तका झुण्ड ती महिलामाथि जाइलाग्ने गर्छन् । यसरी बोक्सीको पहिचान र आधिकारिक छाप वा ट्याग लगाइदिने काम धामी झाँक्रीले गर्ने गर्छन् । कुनै महिलालाई बोक्सीको आरोपमा अमानवीय दुर्व्यवहार गरिन्छ भने ती अबोध महिलालाई बोक्सी हो भनी ट्याग लगाउने अपराधी हो कि होइन ? उसलाई कठघरामा उभ्याउनु पर्छ कि पर्दैन ? तर, बिडम्बना कुनै निर्दोष महिलालाई बोक्सीको ट्याग लगाइदिने धामी झाँक्रीलाई कारवाहीको दायरामा ल्याएको पाइन्दैन । जसले गर्दा बोक्सी प्रथा जस्तो कुरीतिले प्रश्रय पाइरहेको छ ।

विभिन्न सामाजिक कुरीतिको नाममा कसैलाई दुर्व्यवहार गर्नुलाई नेपालको हालको कानुनले अपराध मानेपनि फितलो कार्यान्वयनले एकातिर पीडितले न्याय र राहत पाएका छैनन् भने अर्कोतिर सजाय पाउनु पर्ने पीडकले उन्मुक्ति पाइरहेका छन् । कमजोर वर्गमाथि आफ्नो शक्ति कायम राख्न बोक्सीको आरोप लगाएर शोषण गर्ने प्रवृत्तिले पनि महिला पीडित हुनुपरेको हो ।

हिंसामुक्त समाजको निमार्णका लागि दण्डहीनताको अन्त्य नितान्त आवश्यक छ र यसका लागि बोक्सी आरोपविरुद्ध बनेको ऐनको कार्यान्वयन गर्नुको विकल्प छैन । सामाजिक अन्धविश्वास, कुरीति तथा कुप्रथालाई हटाइ सबै मानवअधिकार सबैका लागि र सधैँका लागि प्रत्याभूत तथा सुनिश्चित गर्न हामी सबै एकजुट भई अभियानरत हुनुको विकल्प छैन । यो नै समयको माग पनि हो । यस्तो अन्धविश्वास हटाउने दायित्व राज्यको हो । तसर्थ, राज्यले यस्ता अन्धविश्वास र कुप्रथाहरुलाई निरुत्साहित गर्न अभियान नै सञ्चालन गर्नु अपरिहार्य भएको छ ।

सूचना ! सूचना !! सूचना !!!

लहान नगरपालिका–३ मा बस्नु हुने राग्नी रायको 'प्लस टु' उतीर्णको माइग्रेसन सर्टिफिकेट घरदेखि सहिद चौकसम्म जाने क्रममा हराएको हुनाले पाउनु हुने महानुभावलाई मोबाइल नम्बर ९८२४७३९२४० मा सम्पर्क गरी जानकारी गराईदिनु हुन अनुरोध छ ।

अनुरोधकर्ता
राग्नी राय
लहान–३

# धर्म र समाजवाद

**बिपी कोइराला राजनीतिक अभिलेख**

नेपालको राजनीतिक क्षेत्रमा समाजवादको व्यापक चर्चा हुन थालेको छ । नेपाली काङ्ग्रेसले जबदेखि समाजवादलाई आफ्नो पार्टीको लक्ष्यमा समावेश गऱ्यो, तबदेखि मानिसहरूको मनमा यस विषयप्रतिको जिज्ञासा झन् बढ्न गएको छ । नेपाली काङ्ग्रेस देशको सबैभन्दा ठूलो राजनीतिक पार्टी भएकोले देशका कुना–कुनामा यसका कार्यकर्ताहरू फैलिएका छन् । नेपाली काङ्ग्रेसलाई यी कार्यकर्ताहरूको माध्यमबाट देशका जनताको मनोभावको यथार्थ ज्ञान हुने र देशका जनतामा विकसित मनोभावको प्रतिविम्ब यस पार्टीले समय–समयमा निर्धारित गरेको नीति र कार्यक्रममा रहने गरेको छ । यथार्थमा, यस पार्टीले नेपाली जनताको हृदयको अव्यक्त आकाङ्क्षा, आवश्यकता र अस्पष्ट भावनालाई आफ्नो नीति र कार्यक्रमको घोषणामा शब्दरूप प्रदान गरेर समस्त देशमा मुखरित गर्दै आएको छ । यसको नेतृत्वमा भएको २००७ सालको क्रान्ति, त्यसभन्दा पहिले र पछिको नेपाली काङ्ग्रेसको इतिहासले यो कुरो प्रस्ट पारेको छ । २०१५ सालको आमनिर्वाचनले पनि नेपाली काङ्ग्रेसले प्राप्त गरेको विश्वासप्रति शङ्का गर्ने व्यक्तिहरूको भ्रम निवारण गऱ्यो । आफ्नो यही परम्पराबाट देशको वास्तविक परिस्थिति र जागृत जनभावनाअनुसार नेपाली काङ्ग्रेसले विसं २०१२ को वीरगन्ज अधिवेशनमा आफ्नो उद्देश्यमा देशमा समाजवादी व्यवस्था कायम गर्ने भन्ने घोषणा गऱ्यो । वीरगन्जमा घोषणा गरिएको सन्देशलाई यसका असङ्ख्य सदस्य र कार्यकर्ताहरूले राम्ररी बुझेनन् होला । जनतालाई त 'समाजवाद' पनि 'इन्कलाब' जस्तै एउटा झन् अनौठो शब्द लाग्यो होला । तर, यस शब्दमा उनीहरूको हृदयको मर्म छिपेको छ । 'समाजवाद' भन्ने शब्दमा उनीहरूको नफुटेको वाणी राखिएको छ । उनीहरूको दुःखी जीवनमा यसले केही त्राण ल्याउँछ । उनीहरूलाई अब गरिबी, शोषण र अत्याचारबाट मुक्त हुने बाटो पाइयो भन्ने भावनाले एउटा नयाँ स्फूर्ति र प्रेरणा दियो । समाजवाद सहरका केही बुद्धिजीवीहरूको बैठकमा तर्क–वितर्क र बौद्धिक व्यायामका लागि राखिएको विवादको विषय मात्र रह्यो । एकप्रकारले यो विषयलाई जमिनमा काम गर्ने, कुटो–कोदालो गरेर जमिनलाई उर्वर बनाउने जनताले बुद्धिजीवीहरूको मुखबाट सुन्यो । यस विषयको सम्बन्ध कताकता आफ्नो गरिबी, सामन्ती शोषण, पसिना, दरिद्रता, आफ्नो भाग्य र त्यसबाट छुट्कारा पाउनका लागि कुप्रिएको कम्मरमा हात लगाएर आकाशका देउतालाई गुहारेका कुरासँग जोडिन पुग्यो । जनताको मस्तिष्कले समाजवादको अर्थ बुझेन होला, तर त्यसलाई उनीहरूले आफ्नो हृदयबाट राम्ररी बुझेका छन् । त्यस्तै, जिन्दावाद पनि हृदयमा जमेर बस्ने शब्द हो । के 'जिन्दावाद'को शाब्दिक अर्थ नबुझी 'जिन्दावाद'को मार्मिक आन्दोलनमा सम्मिलित भएका त्यस्ता बुद्धिजीवीहरू पनि छन् ? 'समाजवाद'को पाण्डित्यपूर्ण व्याख्या गर्ने तर त्यसको मर्मलाई हृदयङ्गम गर्न नसकी आफूलाई समाजवादको जनआन्दोलनमा सरिक गराउन सकेका कति समाजवादी छन् ? यस प्रकार, नेपाली काङ्ग्रेसले समाजवादको घोषणा गर्नेबित्तिकै समाजवाद हाम्रो राजनीतिको एउटा व्यावहारिक विषय हुन गएको छ । र, यस घोषणाको आधारमा चुनावमा विजयी भएकाले र चुनावको आधारमा गठित नेपाली काङ्ग्रेसको सरकारको ध्यान समाजवादलाई व्यावहारिक रूप दिने किसिमका ऐन–कानुन बनाउनेपट्टि गएकाले 'समाजवाद' स्वभावतः व्यापक चर्चाको विषय भयो । अन्तर्राष्ट्रिय क्षेत्रमा पनि विभिन्न राजनीतिक र आर्थिक–सामाजिक प्रयोगहरूलाई समाजवादको संज्ञा दिइन थालिएको छ । हाम्रो छिमेकी देश भारत र चीन दुवैमा सरकारमा रहेका पार्टीहरू समाजवादी व्यवस्था स्थापित गर्नु आ–आफ्नो पार्टीको लक्ष्य हो भन्छन् । यी सबै कारणहरूले गर्दा समाजवादको चर्चा व्यापक हुन गएको छ ।

समाजवादका सम्बन्धमा भ्रम र अस्पष्टता पनि उत्तिकै व्यापक छ । समाजवाद वर्तमान युगको एउटा फेसनको विषय पनि भएको छ । यसमा आस्था अथवा अनास्था जे भए पनि यसका सम्बन्धमा समय–समयमा स्थान–स्थानमा चर्चा गर्नु र यसमा आफ्नो मौखिक आस्था व्यक्त गर्नु प्रगतिशील भएको प्रमाण मानिन थालिएको छ । यसका अतिरिक्त, समाजवादका नाउँमा विभिन्न देशमा जुन विभिन्न प्रयोगहरू भइरहेका छन्, त्यसले पनि यसका सम्बन्धमा झन् अस्पष्टता बढाएको छ । एकतन्त्री व्यवस्था वा अधिनायकवादी राज्य र प्रजातान्त्रिक संसदीय व्यवस्था दुवैलाई समाजवादी प्रयोगको संज्ञा दिएको प्रमाण वर्तमान चीन र हिन्दुस्तान हुन् । चीनमा एउटै कम्युनिस्ट पार्टीको हुकुमी राज्य छ, कसैलाई अरू कुनै किसिमको राजनीतिक दल गठन गर्ने अधिकार छैन । त्यहाँको व्यवस्था अधिनायकवादी व्यवस्था हो । तर त्यहाँको व्यवस्थालाई पनि समाजवादी व्यवस्थाको संज्ञा दिइन्छ । उता, हिन्दुस्तानमा प्रजातान्त्रिक व्यवस्था छ । त्यहाँको राजनीतिक व्यवस्था आमनिर्वाचन र विभिन्न पार्टीको स्वतन्त्र अस्तित्वको आधारमा कायम भएको छ । त्यस व्यवस्थालाई पनि समाजवादी व्यवस्था भन्ने संज्ञा दिइएको छ । विभिन्न देशका कम्युनिस्ट पार्टीहरूले आफ्नो लक्ष्य समाजवाद रहेको घोषणा गरेका छन् । साथै, बेलायतको 'मजदुर दल' जर्मनीको 'एस. पी. डी.', इजरायलको 'मपाई पार्टी' इत्यादि अनेक पार्टीहरूले आफूलाई समाजवादी पार्टी भनेर घोषणा गरेका छन् । दक्षिण अमेरिका, अफ्रिका र अरबका कतिपय विशुद्ध सैनिक तानाशाही व्यवस्थाले समेत आफूलाई समाजवादी भन्ने घोषणा गरेका छन् । नेपालमा समाजवादी भन्नेमध्ये नेपाली काङ्ग्रेस र कम्युनिस्ट पार्टी प्रमुख छन् । आ–आफ्नो पार्टीको आदर्श, कार्यक्रम तथा संसद् र व्यक्तिगत स्वतन्त्रताका सम्बन्धमा उनीहरूको आ–आफ्नो विचार परस्परविरोधी छ । तथापि समाजवादको नारा सबैले दिएका छन् । यस स्थितिमा जनताका मनमा अन्योलको भावना उत्पन्न हुनु स्वाभाविकै हो ।

यो लेख राजनीतिमा अभिरुचि भएका जिज्ञासु सर्वसाधारण व्यक्तिहरू र विशेष गरी राजनीतिक कार्यकर्ताहरूलाई ध्यानमा राखेर लेखिएको हो । यसमा प्रस्टतः विशेष रूपले नेपाली काङ्ग्रेसको दृष्टिकोण प्रतिपादित हुनेछ । 'समाजवाद' एउटा रूढीगत वा सिद्धान्त मात्र होइन, यो विश्वव्यापी बौद्धिक आन्दोलनको एउटा परिचायक शब्द हो । त्यस आन्दोलनको तात्पर्य समाजको सम्पूर्ण आर्थिक सङ्गठन गरेर आर्थिक शोषण र त्यसबाट उत्पन्न तमाम सामाजिक विकृतिहरूको अन्त्य गरी पूर्ण स्वतन्त्रताको वातावरणमा मानव विकासको मार्ग विस्तृत गर्नु हो । 'समाजको सामञ्जस्यपूर्ण सङ्गठन गर्ने' समाजवादी आन्दोलनका यस्ता केही आधारभूत विश्वास तथा सिद्धान्त छन् । अर्को शब्दमा, समाजवादले समाजको कल्याणकारी सङ्गठन निर्माण गर्छ । यस्तो सामञ्जस्यपूर्ण सङ्गठनको मौलिक आधार उपयुक्त आर्थिक सङ्गठन हो । समाजवादको अर्को आधारभूत सिद्धान्त समाजको सङ्गठनका नियमको आधार 'समाजभन्दा बाहिरको दैवीप्रेरणा वा शक्ति नभएर समाजमै निहित मानिसको नियन्त्रण कायम हुन सक्ने सामाजिक शक्तिहरू हुन्' भन्ने हो । अर्थात्, समाजका सम्बन्धमा यो समाजवादको भौतिकवादी सिद्धान्त हो । समाजवादले दैवीप्रेरणा वा शक्तिको अपेक्षा गर्दैन । समाजवादलाई यस दृष्टिले एउटा भौतिकवादी विचार शृङ्खला हो भन्न सकिन्छ ।

मानिस सामाजिक प्राणी हो भन्ने एउटा निर्विवाद सत्य हो । समाजको माध्यमबाट नै त्यसका यावत् काम सम्भव हुन्छन् । मानिसलाई जन्मदेखि मृत्युपर्यन्त समाजमा आधारित कार्य गर्न कर लाग्दछ । मानवका मानसिक, बौद्धिक जीवन, आत्मासम्बन्धी उच्च भावना, कला, संस्कृति आदि विषयहरूलाई छाडिदिउँ, भोजन, वस्त्र, घर इत्यादिजस्ता दैनिक स्थूल आवश्यकताका लागि पनि व्यक्ति पूर्ण रूपले समाजमा आश्रित हुन्छ । त्यसो हुँदा मानव हृदय एकातिर व्यक्तिगत स्वार्थले उत्प्रेरित हुन्छ भने त्यो अर्कोतिर आफ्नो व्यक्तिगत स्वार्थको परिधिबाट बाहिर आएर सामूहिक स्वार्थको

बाँकी ३ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# उखु किसानका लागि ९५ करोड अनुदान

**काठमाडौं ।** दशैंअघि नै उखु किसानलाई उपलब्ध गराउन सरकारले अनुदान बापतको रकम जिल्लामा पठाएको छ । नेपालमा धेरै उखुखेती हुने तराईका ८ जिल्लाका किसानलाई वितरण गर्न ९५ करोड २० लाख ५० हजार रूपैयाँ पठाइएको कृषि मन्त्रालयका सहसचिव एवम् प्रवक्ता डा. हरिबहादुर केसीले जानकारी दिए ।

किसानले दशैंमा पैसाको अभाव नझेलुन् भनेर यसपटक छिट्टै रकम जिल्लास्थित कोष तथा लेखा नियन्त्रण कार्यालय पठाइएको उनको भनाइ छ । 'आर्थिक वर्ष ७६र७७ को पुसदेखि क्रसिङ भएको उखुको आधारमा मन्त्रालयलाई प्राप्त रकम पठाइएको छ, अझै केही अपुग हुने देखिएको छ,' सहसचिव डा. केसीले भने ।



जिल्लामा पठाइएको रकम जिल्लास्तरीय समितिको रोहोबरमा छिट्टै वितरण सुरू हुने मन्त्रालयको भनाइ छ । गतवर्ष १ करोड ४८ लाख ५५ हजार ५ सय ९४ क्विन्टल उखु क्रसिङ भएको रिपोर्ट मन्त्रालयलाई उखु मिलहरूले बुझाएका छन् । उक्त उत्पादनको आधारमा अनुदान रकम अझै एक करोड ९७ लाख अपुग भएको मन्त्रालयले जनाएको छ । जिल्लामा पठाइएको रकम वितरण सुरू भएसँगै थप अपुग रकम अर्थ मन्त्रालयसँग मागिने मन्त्रालयले जनाएको छ । सरकारले उखु उत्पादक किसानलाई प्रति क्विन्टल उत्पादनमा ६५ रूपैयाँ २८ पैसा अनुदान उपलब्ध गराउँदै आएको छ । रासस

# विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना सार्वजनिक





**काठमाडौं ।** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वैकल्पिक माध्यमबाट सिकाइ सञ्चालनका लागि मंगलबार विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना सार्वजनिक गरेको छ ।

सिकाइका क्रममा सूचना र प्रविधिको प्रयोगमा विद्यार्थीको पहुँचको विविधतालाई ध्यान दिई होम स्कुलिङको अवधारणा, विद्यार्थी, शिक्षक सम्पर्क प्रवर्द्धन जस्ता मौलिक विधि अपनाएर सिकाइमा सहजीकरण गर्न तत्काल गर्नुपर्ने कामका सन्दर्भमा प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनमा उक्त कार्ययोजना ल्याइएको हो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले कार्ययोजनाले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहसहित अभिभावक, निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरू सबैले आफ्नो दायित्व निर्वाह गर्ने गरी एकीकृत ढङ्गको प्रयास गराउने बताए । मन्त्रिपरिषद्को यही असोज १ गतेको निर्णयबाट यो कार्ययोजना स्वीकृत भएको हो । कोभिड १९ को जोखिमका कारण अवरुद्ध विद्यालयको पठनपाठन नियमित रूपमा सुचारू हुन नसकेको अवस्थामा दूर तथा खुला शिक्षालगायतका प्रणालीलाई व्यवस्थित गर्दै बालबालिकालाई आफ्नो परिवेशअनुकूल सिक्ने वातावरण सृजना गर्न मन्त्रालयले यसअघि विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गरी यही असोज १ गतेदेखि कार्यान्वयनमा ल्याएको थियो ।

कार्ययोजनाले वसाइ स्थानान्तरण भएका विद्यार्थीको तथ्याङ्क सङ्कलन, सबै बालालिकाका लागि पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता र कार्यस्थलमा शिक्षकको उपस्थितिलाई तत्काल गरिहाल्नु पर्ने कार्यको रूपमा जोड दिएको छ ।

यस्तै शैक्षिकसत्रमा विद्यार्थीले सिक्नुपर्ने विषयवस्तु, शिक्षण विधि र मूल्यांकन प्रक्रियाको लागि ढाँचा विकास, नमूना स्वाध्ययन सिकाइका सामग्रीको विकासलाई कार्ययोजनामा समेटिएको छ । कार्ययोजनाले सञ्चार तथा

———— बाँकी ४ पेजमा

## सिरहामा ...

छन् । धनुषामा भने ६ जनामा संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामै ३ महिलासहित २६ जना कोरोना मुक्त भएका छन् । योसँगै यस प्रदेशमा कोरोनामुक्त हुनेको संख्या ७ हजार १ सय १९ पुगेको छ । जसमध्ये ८ सय १३ जना महिला छन् ।

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको संक्रमणबाट कसैको ज्यान नगएको मन्त्रालयका निमित्त निर्देशक विजय कुमार झाले जानकारी दिए । उनका अनुसार हालसम्म १ सय ३ पुरूष र १९ महिलाको ज्यान गएको छ ।

## धर्म ...

पनि चिन्तन गर्छ । व्यक्ति नितान्त स्वार्थपरायण हुने मात्र होइन, उसमा प्रबल सामाजिक भावना पनि हुन्छ । वर्तमान सामाजिक-आर्थिक व्यवस्थाभित्रको लुछाचुँडीले भरिएको सामाजिक सङ्गठनमा प्रबल रूपमा मानवमा स्वार्थको प्रवृत्ति मात्र व्यक्त भएको तर त्यसमा निहित सामाजिक प्रवृत्ति भने नरहेको देखिन्छ । तर सामाजिक कारणले गर्दा मानवको यो चित्र विकृत भएको हो । समाजको गठनमा सुधार आएको खण्डमा मानवको सामाजिक प्रवृत्तिले स्वार्थी प्रवृत्तिमाथि विजय पाउन सक्छ । मानिस सामाजिक जीव भएकाले उसको स्वाभाविक जीवनवृत्ति पनि सामाजिक छ । त्यसो हुँदा मानिसले आदिमकालदेखि नै व्यक्तिगत स्वार्थपूर्तिको प्रक्रियाबाट आफ्नो व्यक्तिगत जीवनका समस्याको समाधान गर्दै आए पनि बीच-बीचमा समाजका समस्या र समाजका सामूहिक स्वार्थपट्टि पनि त्यसको ध्यान गइरहेको छ । मानिसले आदिमकालदेखि नै सामूहिक समस्यामाथि घोरिएर आफ्नो चिन्तन र अनुभवलाई सिद्धान्त, मत वा धर्मको रूप दिँदै आइरहेको छ । भगवान् बुद्धको जीवनी, हाम्रो देशमा सामाजिक भावना वा व्यक्तिगत स्वार्थको भावनामाथि विजय प्राप्त गरेर उठ्न सकेको भावनाको एउटा ठूलो दृष्टान्त हो । उनी यशस्वी र राज्याधिकारी थिए । उनलाई आफ्ना कुनै पनि आवश्यकताको आपूर्ति नहुने भय थिएन । उनी त्यस्तो सुखमय जीवनबाट किन हठात् विमुख भए ? उनलाई त्यसमा सुखको अनुभव किन हुन सकेन ? आफूलाई जुन ज्ञान प्राप्त हुन सकेको छ र उनी जुन ज्ञानद्वारा जीवनका सुख-दुःखबाट मुक्त हुन सक्ने भएका छन्, त्यो ज्ञान समाजका प्रत्येक प्राणीलाई प्राप्त हुनुपर्छ भन्ने उनले निश्चय गरे । उनको यो निश्चयबाट संसारमा धर्मचक्र प्रवर्तित भयो । यहुदी धर्मका प्रारम्भिक चिन्तक र मसिहाहरूले शोषण र अत्याचारका विरूद्ध आवाज उठाए र उनीहरूले यहुदी जातिलाई अत्याचारबाट मानवजातिको कल्याण हुँदैन भन्ने चेतावनी दिए । ईसाले दुई हजार वर्षपहिले अर्को धर्मको प्रतिपादन गरे । त्यो समाजका विकृति, असमानता, अत्याचारका विरूद्ध उनको धार्मिक घोषणा र आन्दोलन थियो । उनले विशेष रूपले दलित, शोषित र आशाहीन गरिबहरूका लागि धर्मको बाटो उघारे । उनले भने, 'हे, दलित-शोषित जनता ! तिम्रा लागि स्वर्गको द्वार उघ्रिएको छ । धनीहरूलाई स्वर्गद्वारबाट छिर्न त्यति नै असम्भव छ, ऊँट सियोको प्वालबाट छिर्न जति असम्भव छ ।' यो घोषणा विद्रोहको प्रस्ट घोषणा थियो । तर त्यसबखत उनलाई र उनका अनुयायीहरूलाई शासकवर्गले बडो क्रूर यातनाका साथ फाँसीमा झुन्ड्याएर मारे । उनीहरूमाथि नाना किसिमका अत्याचार भयो । तर उनको आन्दोलनले गरिब जनताको हृदयलाई जितेको थियो । त्यसलाई जतिसुकै अत्याचारद्वारा दमन गर्ने प्रयत्न भए पनि त्यो मर्न सकेन । इस्लाम धर्मका प्रवर्तक मोहम्मद पनि सामाजिक भावनाबाट प्रेरित एउटा महान् व्यक्ति थिए । धर्मको प्रारम्भिक प्रेरणाको स्रोत मानव हृदयमा उठ्ने सामाजिक चैतन्यमा विद्यमान थियो ।

*क्रमश :*

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**सिरहा नगरपालिका कार्यालय, सिरहा**

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

# कस्तो आउनुपर्थ्यो स्थानीय तहको नीति तथा कार्यक्रम ?

## पालिका बहस

**रामहरि ओझा**



अहिले विश्व नोवेल कोराना भाइरस (कोविड–१९) महामारीको सामना गरिरहेको छ । त्यसैको चपेटामा नेपाल पनि छ । दिन प्रतिदिन संक्रमित हुनेको संख्या बढ्दै गइरहेको छ । विस्तारै सबै क्षेत्र खुल्दै गएका छन् । यति बेला यो महामारी नियन्त्रण र रोकथामको जिम्मेवारी स्थानीय तहले उठाउनु परेको देखिन्छ । संघीय सरकारले आदेश मात्रै गर्दैछ, प्रदेश सरकार आफैमा हराएका छन् । यो महामारीका बेला के गर्नु र के नगर्नु भन्ने पनि ज्ञात नभएको जस्तो देखिएको छ प्रदेश सरकारहरूलाई ।

भलै कोरोना महामारी नियन्त्रण र क्वारेन्टिन व्यवस्थापनका नाममा व्यापक आर्थिक अनियमितता भएको कुरा उठिरहेको छ, कतिपय सन्दर्भ हेर्दा आरोपभित्र सत्यता पनि छ । त्यो सम्वन्धित निकायको अध्ययनको विषय बनोस र वन्नु पनि पर्छ । महामारी नियन्त्रण गर्ने नाममा यदि त्यस्ता आर्थिक अनियमितता भएका छन् भने त्यो भन्दा दुःखद् अरू केही हुने छैन् । तर, स्थानीय तहका जनप्रतिनिधिहरूले यो महामारीको बेला साँच्चै प्रशंसनीय काम गरेका छन्, आफू जोखिममा रहेर पनि खटेका छन् । केही साथीहरू संक्रमित पनि भएका छन् । यो खटाई निरन्तर जारी छ । उहाँहरूलाई सफलताको शुभकामना पनि छ ।

यद्यपी तीन वर्ष बितिसक्दा पनि स्थानीय तहहरूले व्यवस्थापकीय अभ्यासको पूर्ण प्रयोग गरेका छैनन् । असार १० गतेभित्र वजेट पेश गर्नु पर्ने कानुनी व्यवस्था छ, अधिकांश स्थानीय तहहरूले सभा त्यही दिनबाट सुरू गरे । थोरै मात्रै स्थानीय तहहरू होलान् त्यसअघि नै सभा सुरू गरेर नीति तथा कार्यक्रम स्वीकृत गरेका । र, केही मात्रै स्थानीय तहहरू होलान् नीति तथा कार्यक्रम र बजेटमाथी भरपूर छलफल गरेका । कतिपय स्थानीय तहले त १० गते वजेट पेश गरे र सोही दिन पारित समेत गर्न भ्याए । स्थानीय तह प्रमुखको आदेशमा चलेका हुन्छन् । व्यवस्थापकीय अभ्यास हुनु जरूरी छ । स्थानीय तहले सबैभन्दा ठूलो र महत्वपूर्ण विषय पनि यही हो कि व्यवस्थापकीय अभ्यास गरौं । कानुनहरू कसरी पारित भइरहेका छन् नीति कसरी पारित भईरहका छन्, बजेट कसरी पारित भईरहेका छन् भन्ने कुरा प्रत्येक सदस्यका लागि महत्वपूर्ण हुन्छ ।

स्थानीय सरकारले नीति तथा कार्यक्रममा समावेश गर्नु पर्ने थुप्रै विषयहरू थिए । तर, स्थानीय तहको स्रोत, साधन र वर्तमान परिवेश अनुसार सबै कुरा समेट्न सकिएन होला । स्थानीय तहले निम्न विषयमा बढी केन्द्रित हुनु पर्ने थियो ।

### महामारी र विपद व्यवस्थापन

अहिलेको महामारीको प्रभाव कहिलेसम्म रहन्छ भन्ने कुराको कुनै ठेगान छैन । यस महामारीले स्थानीय सरकारलाई चुनौति थपेको छ । यो महामारी नियन्त्रणका सँगैसँगै अन्य विपदहरूबाट बच्ने उपायहरूका लागि ठोस नीति ल्याउनु पर्थ्यो । त्यसमा समेत केही स्थानीय तह चुक्न पुगे । विपद् व्यवस्थापन कोष, बिपन्न परिवारलाई राहत, क्वारेन्टिनको उचित व्यवस्थापन, विपद् पीडितहरूलाई राहत र अस्थायी बासस्थान सम्बन्धि कार्यक्रमहरू ल्याउनु पर्नेथियो ती मध्ये क्वारेन्टिनको व्यवस्थापन बाहेक अन्य विपदका बारेमा ध्यान पुग्न सकेन ।

### कृषि तथा सहकारी

जनतालाई आत्मनिर्भर बनाउने हो भने कृषि उत्पादनमा बृद्धि गर्नु जरूरी छ । विगतमा एकात्मक शासन व्यवस्था हुँदा र संघीयताको अभ्यास गर्न लागेपछि पनि कृषि क्षेत्रमा ठुलो धनराशी खर्च भएको छ, उत्पादनमा सन्तोष गर्न सकिने ठाउँ छैन । अनुदानका नाममा थुप्रै रकम गएको छ । तर, अनुदान प्राप्त गर्नेहरू अधिकांशले कृषि उत्पादन बृद्धि गर्नमा खर्च गरेको देखिँदैन, बरू घर बनाउन, जग्गा खरीद गर्नमा लगाएको देखिन्छ । त्यसैले अब 'कृषिमा अनुदान होइन सहुलियत' भन्ने नीति लिईनुपर्थ्यो । कुनै कृषकले व्यवसायिक खेती गर्न खोज्ने, पशुपालन गर्न खोज्ने, कृषि सम्बन्धि औजार उपकरण किन्न खोज्ने जस्ता काममा स्थानीय सरकारले सहुलियत दिने, बिना धितो र बिना व्याज ऋण दिने नीति ल्याउनुपर्छ । कृषि क्षेत्रको सम्भावना अध्ययन गर्ने, माटो परीक्षण गर्ने, अनिवार्य कृषि विमा, साबमूहिक कृषि फाराम, नमुना कृषि फाराम र कृषिमा व्यवसायीकरण र आधुनिकीकरण कार्यत्रम ल्याउनुपर्छ । उत्पादनको सम्भावनाको आधारमा 'एक वडा एक उत्पादन' लाई अझैपनि प्रोत्साहन गर्नु सकिन्छ ।

विगतमा अनुदान लिएर पनि व्यवसायिक खेती नगर्ने कृषकहरूलाई कारवाहीको दायरामा ल्याउने नीति लिइनुपर्थ्यो र यसका साथसाथै बजारको व्यवस्थापनका लागि पनि स्थानीय सरकारहरूले ठोस नीति ल्याउनुपर्ने देखिन्छ । यसका साथै सिँचाइको उचित व्यवस्थापन गर्ने नीति लिइनु जरूरी छ ।

अहिले ग्रामीण क्षेत्रमा रहेका सबै प्रकारका सहकारीहरू बचत संकलन गर्ने, ऋण परिचालन गर्नेबाहेक अरू केही गर्न सकिरहेका छैनन् । एकाध बाठाहरूले अनुदानका नाममा व्यक्तिगत फाइदा लिइरहेका छन् । गाउँगाउँमा रहेका सहकारी संस्थाहरूलाई उत्पादनसँग प्रत्येक्ष जोडिनु पर्ने बाध्यकारी नीतिगत व्यवस्था स्थानीय तहले लिनुपर्छ ।

### शिक्षा

आधुनिक तथा गुणस्तरीय शिक्षाका लागि अध्ययन अनुसन्धान गर्ने नीति ल्याउनु पर्ने देखिन्छ । विद्यालय गाभ्ने, दरबन्दी मिलान गर्ने, प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड् दिने, गुणस्तरीय र प्रयोगात्मक कक्षाकोठाको नीति ल्याउनु पर्ने देखिन्छ । विद्यालयको भौतिक पूर्वाधार विकास, शैक्षिक सामग्रीको व्यवस्थापन, विद्यालय भर्ना कार्यक्रम र अन्तरविद्यालय स्तरका शैक्षिक प्रतिस्पर्धा सम्बन्धि कार्यक्रम ल्याउनु पर्छ । विद्यार्थी संख्या बढी भएका सामुदायिक विद्यालयहरूमा शिक्षकको अभाव हुन पालिकाभित्र स्नातक तह उत्तीर्ण गरी बेरोजगार बसेका युवाहरूलाई स्वयंसेवकका रूपमा परिचालन गर्नुपर्ने देखिन्छ । यस्तै विपन्न परिवारलाई लक्षित गरि 'शिक्षाका लागि रोजगार' कार्यक्रम सञ्चालन गर्ने नीति लिनुपर्ने देखिन्छ ।

### स्वास्थ्य

अहिलेको कोरोना महामारीले स्वास्थ्य क्षेत्रमा हाम्रो हैसियत के हो भन्ने कुरा प्रष्ट पारेको छ । यसले हामीलाई स्वास्थ्य क्षेत्रमा कस्तो नीति अबलम्वन गर्नुपर्थ्यो भन्ने सिकाइ पनि भएको होला । संघ र प्रदेश सरकारसंगको साझेदारीमा अनिवार्यरूपमा अस्पताल बनाउने नीति र कार्यक्रम अगाडि सार्नु पर्थ्यो त्यसमा हामी चुकेका छौं । अहिले आएर केही स्थानीय तहहरूले कोभिड अस्पताल निर्माण गर्न सुरू गरेका छौं । तर नीति तथा कार्यक्रम निर्माण गर्नेबेला यसतर्फ हेक्का राखेनौं ।

यस्तै मातृशिशु कार्यक्रमलाई प्राथमिकता दिने, महामारी र विपद्को समयमा स्वास्थ्यकर्मीहरूको अभाव हुन नदिन सबै स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी राख्ने, स्वयंसेवक स्वास्थ्यकर्मीहरू परिचालन गर्ने नीतिहरू ल्याउनु पर्ने देखिन्छ । यस्तै उपकरण खरीदको कार्यक्रम ल्याउनु पर्ने देखिन्छ । जनस्वास्थ्य सम्बन्धि प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने आजको आवश्यकता हो ।

### श्रम तथा रोजगार

कोरोनाको महामारीले स्थानीय तहहरूलाई रोजगारीको सवालमा थप समस्या सिर्जना गरेको छ । एकातिर गाउँघरमै सानोतिनो व्यवसाय गर्नेहरू समस्यामा छन भने अर्कोतिर रोजगारीको सिलसिलामा पालिका बाहिर गएकाहरू पनि फर्केर आएका छन् । उनीहरूलाई स्थानीयस्तरमै रोजगारी सिर्जना गर्नु स्थानीय तहका लागि ठुलो चुनौति छ, तर यसलाई सही तरिकाले व्यवस्थापन गर्ने हो भने ठूलो अवसर पनि हुनेछ । त्यसैले पहिले बेरोजगारहरूको दक्षता र रूची सहितको तथ्यांक संकलन हुनु जरूरी छ । पालिकाले आˆनै स्वरोजगार कोष स्थापना गर्ने, व्यापार व्यवसाय गर्नका लागि सहुलियतपूर्ण ऋण दिने, श्रम बैंक स्थापना गर्ने, विकास निर्माणमा मानवीय श्रमको अधिकतम् प्रयोग गर्ने र सीपमुलक तालिमहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने नीतिहरू ल्याउनु पर्ने देखिन्छ ।

### पूर्वाधार विकास

हामीले पूर्वाधार विकास भन्नेबित्तिकै सडक खन्ने कुरालाई मात्रै बुझेका छौं र जतातत्तै र जथाभावी सडक खन्ने काम बढेको छ । संघीय सरकारले मेसिन प्रयोग गर्ने सम्बन्धि बनाएको मापदण्डलाई पनि हामीले व्यवहारिक रूपमा अस्वीकार गरेको देखिन्छ । अब सडक खन्ने कामलाई रोक्नुपर्छ, भएका सडकहरूको मर्मत गर्ने ठोस् नीति ल्याउनु जरूरी छ ।

यसका साथसाथै पूर्वाधार विकासलाई अब उत्पादन र रोजगारीसँग जोड्नु पर्छ । कृषिका आकासे पानी संकलन पोखरी निर्माण, लिफ्ट सिँचाइ योजना निर्माण गर्ने, बाँझो जमिनमा फलफूल खेती, साना जलविद्युत आयोजना निर्माण आदि ।

### सुशासन

माथी उल्लेख सबै कुराहरूको अर्थ त्यतिबेला मात्रै हुन्छ जब हामी पारदर्शी हुन्छौं, जब हामी सुशासित हुन्छौं । संघ र प्रदेश सरकारलाई भ्रष्टाचार गरेको आरोपमा हामी धारे हात लगाइरहेका छौं । तर, हामीले हाम्रो अनुहार ऐनामा हेर्न सक्यौं त ! योजनाको अनुगमन प्रतिवेदनमा हस्ताक्षर गर्दा पालिका प्रमुखले योजना बाँड्दा पार्टीको सदस्यता माग्छ, डोजरमा प्रतिघण्टा दुई/तीन सय रूपैयाँ कमिसन माग्छ, प्राविधिकले उपभोक्ताहरूबाट १० प्रतिशत पाउनु आˆनो अधिकार सम्झन्छन् भन्ने आरोपहरू त सर्वत्र छन् । अनि केको विकास ? केको सुशासन ?

त्यसैले सुशासन नीति कस्तो हुने भन्ने बारेमा स्थानीय तह स्पष्ट हुनु जरूरी छ । सामाजिक जवाफदेहीताका औजारहरूको प्रयोग सम्बन्धि नीतिगत व्यवस्था हुनुपर्छ । प्रत्येक स्थानीय तहले एक सुशासन बिज्ञ वा सुशासन सम्पर्क व्यक्ति तोक्नु पर्छ । सुशासन कायम गर्न सेवा प्रदायकको मात्रै होइन, सेवाग्राहीको पनि महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले 'नागरिक संलग्ना र नागरिक निगरानी' बढाउने खालका क्रियाकलापहरू अभियानका रूपमा सञ्चालन गर्नु पर्छ ।

सुशासनका सवालमा अर्को महत्वपूर्ण विषय हो सूचनाको सार्वजनिकीकरण । अहिले एक सय ५० रूपैयाँ पर्ने मास्कको बिल ६ सयसम्मको आएको छ रे स्थानीय तहहरूमा । सामान नकिनी बिल बनाएका थुप्रै अपुष्ट खबरहरू आएका छन् । यो सम्बन्धित निकायको त छानबिनको विषय बन्ला नै, तर हामीले के गर्‍यौं भन्ने कुरा प्रष्ट रूपमा आम नागरिकले बुझ्ने गरी सार्वजनिक गर्नु जरूरी छ ।

***अनलाइन खबरबाट***

## विद्यालय ...

सूचना प्रविधि मन्त्रालयसँगको सहकार्यमा विद्यालयका शिक्षक विद्यार्थीबीच नियमित एवम् प्रभावकारी सिकाइ सम्पर्क कायम गराउने प्रयोजनका लागि नेपाल टेलिकम सहित अन्य दुर सञ्चार सेवा प्रदायक संस्थाहरूवाट मोवाइल सेवाको आबद्धता गर्ने विषय पनि समेटेको छ । नेपाल दूर सञ्चार प्राधिकरणले यस विषयमा आवश्यक सहजीकरण गर्नेछ । होम स्कुलिङको अवधारणा कार्यान्वयन, अस्थायी सिकाइ सहजीकरण केन्द्र स्थापना र सञ्चालन, शिक्षक घरदैलो कार्यक्रम, प्रारम्भिक बाल विकास तथा शिक्षा सञ्चालन सहजीकरण, श्रव्य दृश्य सामग्री विकास र प्रसारण लगायतका क्रियाकलाप सम्पादन गर्न विभिन्न कार्यान्वयनका प्रक्रियाहरू निर्दिष्ट गरिएको छ । मन्त्री पोखरेलले भने, कार्ययोजना कार्यान्वयनमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ । विद्यालय तहवाट सम्पादन हुने सबै कार्यक्रमहरू स्थानीय तहकै निर्देशन अनुगमन र समन्वयबाट सम्पादन हुने व्यबस्था गरिएको छ । कार्ययोजनाको अनुगमन र सहजीकरण केन्द्र र प्रदेश सरकारले गर्नेछन् । रासस

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)